स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री मलिका महतलाई जुत्ताको माला र कालोमोलो दलेको अवस्थामा प्रस्तुत गर्दै पहिलो पोस्टर सार्वजनिक भएदेखि नै चर्चामा रहेको फिल्म 'सतीदेवी' कृष्ण जन्माष्टमीको अवसर पारेर यही शुक्रबार अर्थात् भदौको ७ गतेबाट प्रदर्शनमा आउँदैछ। प्रदर्शनपूर्व नै केही फेस्टिभलमा महत्त्वपूर्ण विधामा अवार्ड समेत जितिसकेको फिल्मले ट्रेलरबाट सशक्त दृश्यभाषाको संकेत गरिसकेको छ।

आजको विचार...



प्रकाश नेपाल

बंगलादेशबाट... (दुई पेजमा)



सोहित मानन्धर र अशिष्मा नकर्मीको शीर्ष भूमिका रहेको फिल्म 'लाखे आजु' दशैं छेकोमा हलमा रिलिज हुने भएको छ । मंगलबार फिल्मको ट्रेलर सार्वजनिक भएको छ । आर्यम नकर्मी निर्देशित फिल्मको निर्माण तीन वर्षदेखि भइरहेको थियो । 'लोकेसन, छायांकन र प्राविधिक कार्यले गर्दा अन्ततः यो दशैंमा फिल्म रिलिज हुँदैछ,' निर्माता गोपाल कायस्थले भने, 'दशैंको कुन मितिमा फिल्म लगाउने भन्ने कुरा हामी केही दिनमा टुंगो लगाउँछौं ।'

❒ वर्ष ३० ❒ अंक ३७ ❒ २०८१ भदौ ६ गते बिहीबार 22 August 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### एक सय ७० पत्रकारको मृत्यु

(रासस/क्यूएनए)

**गाजा,** ५ भदौ/गत अक्टोबर-७ मा गाजा पट्टीमा इजरायली आक्रमण सुरु भएदेखि शहीद भएका पत्रकारहरूको संख्या एक सय ७० पुगेको छ ।

गाजाको सरकारी मिडिया कार्यालयले जारी गरेको विज्ञप्तिमा गाजा शहरको मुस्तफा हफेज विद्यालयलाई निशाना बनाई गरिएको आक्रमणमा पत्रकार हम्जा अब्दुल रहमान मुर्तजाको शहादतपछि मृत्यु भएका पत्रकारहरूको संख्या १७० पुगेको उल्लेख छ । विज्ञप्तिमा विश्वव्यापी पत्रकारिताको क्षेत्रमा अन्तर्राष्ट्रिय इजरायली कब्जालाई रोकी अपराधका लागि अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाउन र पत्रकारको हत्या र अपराध रोक्न दबाब दिन आह्वान गरिएको छ । इजरायली कब्जामा रहेको विमानले मङ्गलबार गाजामा सयौँ विस्थापितलाई आश्रय दिँदै एक विद्यालयमा बम प्रहार गरेको थियो । जसमा अधिकांश महिला तथा बालबालिकासहित १२ जना प्यालेस्टिनीहरू मारिएका थिए भने दर्जनौं घाइते भएका थिए । गाजा आक्रमणको १० महिनाभन्दा बढी समयदेखि जारी छ । युद्धका कारण परिणामस्वरूप दशौँ हजार शहीद, घाइते र बेपत्ता छन्, आक्रमणले पूर्वाधार र महत्त्वपूर्ण सुविधाहरूको विनाश गरेको छ । निरन्तरको आक्रमणले गाजामा खाना, पानी, औषधि र ईन्धनलगायतको आपूर्ति अवरुद्ध भएको कारण गाजापट्टीमा अकल्पनीय मानवीय सङ्कट निम्त्याएको छ ।

# पाल्पामा समलिङ्गी विवाहलाई कानुनी मान्यता

हाम्रा संवाददाता

**पाल्पा,** भदौ ५/विवाह गरेको ३ वर्षपछि एक समलिंगी जोडीले कानुनी मान्यता पाएको छ । रामपुर नगरपालिका- ९ को वडा कार्यालयले समलिंगी जोडीको विवाह दर्ता गरेको हो ।

पाल्पाका ३१ वर्षीया चिना कुमारी नेपाली र पूर्वी नवलपरासीका ३६ वर्षीय ज्योति सार्कीको समलिङ्गी विवाहले कानुनी मान्यता प्राप्त गरेको छ । जोडीले पाल्पाको रामपुर नगरपालिका-९ नम्बर वडा कार्यालयमा विवाह दर्ता भएसँगै कानुनी मान्यता प्राप्त गरेको हो । रामपुर नगरपालिका -९ जब्गादीकी निवासी चिना र पूर्वी नवलपरासी बौदीकाली-१, मिथुकरम निवासी ज्योतिको गत आइतबार वडा कार्यालयले विवाह दर्ता गरेको वडा अध्यक्ष डिलबहादुर रानाले बताए । विवाह दर्तामा चिनालाई दुलहा र ज्योतिलाई दुलही उल्लेख गरिएको उनको भनाई छ । वैदेशिक रोजगारीका क्रममा कतारमा बस्दै आएका दुवै जनाबिच पाल्पाको सिद्धबाबा मन्दिरमा ३ वर्षअघि परम्पराअनुसार विवाह भएको थियो । २०७१ मा वैदेशिक रोजगारबाट नेपाल आएका ज्योति र चिनाबिच चिनजान भएको थियो । चिना पनि वैदेशीक रोजगारमा जाने तयारी गरेकी थिइन् । सोही समयमा उनीहरुबिच चिनजान बढ्दै गयो । दुवै जना वैदेशीक रोजगारका लागि कतार पुगे । त्यहाँ रहँदा दुवै जनाको सम्बन्ध बढ्दै गएको थियो । अन्ततः दुवै जना विवाह गर्ने निर्णयमा





पुगे । लामो समय प्रेम सम्बन्धमा रहेका उनीहरूको २०७८ असोज २९ मा विवाह भएको स्थानीय पञ्जीकाधिकारी तथा वडासचिव मो.युनस खानले एनजेडीलाई जानकारी दिए ।

मुलुकी देवानी संहिता-२०७४ ले प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने व्यवस्था भए पनि चिना - ज्योति लगायत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका जोडीहरूले विवाहको कानुनी मान्यता पाउन सकेका थिएनन् । जसका कारण सुरुमा उनीहरुले परिवार र समाजको साथ पाउन सकेनन् । २०८० असार १२ गतेको सर्वोच्च अदालतको उत्प्रेषणयुक्त अन्तरिम आदेशसँगै गृह मन्त्रालयको निर्णय अनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले अस्थायी अभिलेख रहने गरी समलिङ्गी विवाह दर्ताको व्यवस्था मिलाउन २०८१ वैशाख १२ गते स्थानीय तहलाई परिपत्र गरेसँगै विवाह गर्ने बाटो खुलेको थियो । सोही मौकामा उनीहरु नेपाल आएर विवाह दर्ता गरेका हुन् । चिना र ज्योतिले विवाह दर्ताका लागि निवेदन दिएपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको परिपत्रको आधारमा विवाह दर्ता प्रमाणपत्र जारी गरिएको वडासचिव खानले बताए । उनका अनुसार जिल्लामै पहिलो पटक मलिंगी जोडीले कानुनी मान्यता पाएको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार देशभर लैंगिक तथा यौनिक अल्पसंख्यकको जनसंख्या २ हजार ९ सय २८ देखिएको छ, जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ । तर, सामाजिक विभेदको डरले यो समुदाय खुल्न नसक्दा जनगणनामा एकदमै कम देखिएको अधिकारकर्मीहरूको दाबी छ । कानुनी मान्यता नपाएर लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय जोडीहरूले परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने अधिकारबाट वञ्चित हुँदै आएका थिए । कानुनी मान्यता पाएपछि भने अन्य जोडीहरुलाई समेत विवाहमा मात्रै नभएर जनगणनामा, परिवार तथा समाजमा खुल्न धेरै सहज भएको छ ।

## सफा गर्ने क्रममा दुई जनाको मृत्यु




**दाङ,** भदौं ५/दाङमा इनार सफा गर्ने क्रममा दुई जनाको मृत्यु भएको छ । तुलसीपुर उपमहानगरपालिका-१३ दमारगाउँमा इनार सफा गर्नेक्रममा उनीहरुको मृत्यु भएको हो ।

मृत्यु हुनेमा तुलसीपुर उपमहानगरपालिका-१३ दमारगाउँका १६ वर्षीय मुकेश विक र ३८ वर्षीय रामबहादुर नेपाली रहेका इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायव उपरीक्षक ठाकुरप्रसाद पोखेलले जानकारी दिए । दुवैजना इनारभित्र पसेका थिए । उनिहरु अचेत भएको देखेपछि स्थानीयले प्रहरीलाई खवर गरेका थिए । लगत्तै दमारगाउँ प्रहरी पोष्टबाट प्रहरी सहायक निरीक्षक आनन्द हिताङको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो । उनीहरुको उद्धारका लागि इलाका प्रहरी कार्यालय तुलसीपुरबाट प्रहरी निरीक्षक दामप्रशाद श्रेष्ठको नेतृत्वमा आठ सुरक्षाकर्मी परिचालन गरिएका थिए । त्यसपछि नेपाली सेनाको अम्बापुर बेस क्याम्पको टोलीले विक र नेपालीलाई इनारबाट बाहिर निकालेको थियो । दुवै जनालाई उपचारका लागि तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल लगिए पनि ज्यान जोगाउन नसकिएको प्रहरी नायव उपरीक्षक पोखेलले बताए । *-रासस*

# तानसेनमा निकालियो मतया यात्रा

**पाल्पा,** भदौ ५/हातमा पानस, पाउमा पाउजु लगाएका महिलाको लस्कर, अर्कोतिर टोपीमा सजिएका पुरुष । बाजागाजासहित नगरको परिक्रमा गरेका दृश्यले बुधबार तानसेन रमाइलो देखिन्थ्यो । ४० वर्षपछि तानसेनवासीले मतया यात्रा निकालेका छन् ।

मृतक आत्माको शान्तिको कामना गर्दै जनै पूर्णिमाको तेस्रो दिनबाट मतया यात्रा शुरु हुने गर्छ । तानसेनबासीले गाईजात्रा मनाइसेकाले बुधबार मतयाः यात्रा निकालिएको हो । तानसेनवासीहरू मतयाःलाई स्वागत गर्न बाजागाजासहित शहरको परिक्रमा गरेका थिए । यस वर्ष श्री ७ सुर्य विनायक मन्दिर दाफा भजन खलका अध्यक्ष मंगलमान बज्राचार्यको अगुवाईमा मतया निकालिएको हो । चामलको पिठोबाट बनाइएको खुर्सानी, मम, केराउ, अण्डा, स्याउ, भुटुवा लगायत थुप्रै सक्कली तथा नक्कली परिकार बोकेका महिलाले बजार परिक्रमा गरेका थिए । धिमे बाजासहित विभिन्न पोसाकमा महिला तथा पुरुष सजिएर मन्दिर र बौद्ध विहारमा नक्कली तथा सक्कली खानाका परिकार चढाएका थिए । टक्सारटोलका





महिलाहरुले घर-घरमा बनाएका विभिन्न सामग्री बोकेर बजार परिक्रमा गरेका थिए । गाइजात्राको भोलिपल्ट मनाइने मतयाः यात्रामा सबैले आफ्नो जीवनकालमा एक न एक पटक सहभागी हुनै पर्छ भन्ने मान्यता रही आएको छ । मतया यात्रालाई दीपयात्रा पनि भनिन्छ । तानसेनमा धेरै वर्षपछि निकालिएको मतया यात्रा हेर्नेहरुको बाक्लो उपस्थिती रहेको थियो । हातमा बत्ति लिएर 'मतया'(दिपजात्रा) मा निस्केका सर्वसाधारणको भिडले जात्राको उज्यालो छरेको छ । सांस्कृतिक भेषभुषा र बाजागाजाका साथ दिनभरजसो निस्केका झाँकीले सहरलाई जात्रामय बनाएको थियो । दिवंगत आत्माको शान्तिको लागि नगरमा रहेका विभिन्न बहाल तथा विहारहरु परिक्रममा गर्दा सर्वसाधारणका आँगनहरु समेत उत्सवमय बनेका थिए । मतयाःलाई नेकु जात्रा पनि भन्ने गरिन्छ । नेवारी भाषामा 'नेकु' ले भैसीलाई चिनाउँछ । गाइजात्राको भोलिपल्ट मनाइने हुँदा यसलाई नेकु मतया भनिएको पनि हुनसक्छ । नेवारी भाषामा 'मतः' को अर्थ बत्ती हुन्छ भने 'या' को अर्थ 'चाडपर्व' अथवा 'यात्रा' हुन्छ । 'गुँला'को मध्यमा पर्ने हुनाले पनि यसलाई जिवनरुपी यात्राको उच्च विन्दूको उत्सवको रूपमा लिने गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# विपत्‌बाट बच्न सतर्कता

देभर निरन्तर परेको वर्षाले ठाउँ–ठाउँमा वितण्ड मच्चाएको छ । कतै पहिरोले जनधनको क्षति भएको छ भने कतै बाढीले क्षति पुर्‍याएको छ । सम्भावित जोखिमको आंकलन गरेर सुरक्षित स्थानमा जान नसक्दा मानविय क्षति समेत भएको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले वर्षा कायममै रहेको बताएको छ । विभागले भारी वर्षाको सम्भावना रहेका स्थानमा गेग्रान बहाव, बाढी, पहिरो तथा भू–क्षय जस्ता प्रकोपको जोखिम अझै रहेकाले सम्भावित क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गर्दै आएको छ । यसको मतलब आगामी दिनमा थप उच्च सर्तकता अपनाउन सकियो भने कुनै पनि क्षति व्यहोर्नु पर्ने छैन् ।

पहाड र नदी किनराका तथा अन्य जोखिमपूर्ण स्थानका बासिन्दा नै यो जोखिमबाट बढी प्रभावित हुने गरेको पाइन्छ । नदीको नियमित रूपमा मापन गरी त्यसको जानकारी गराई उपल्लो तटिय क्षेत्रमा मापन गरी तल्लो तटिय क्षेत्रमा पूर्वसूचना पुर्‍याएर धेरै जनधनको क्षतिलाई रोक्न सकिन्छ । यसै गरी मौसम पूर्वनुमानलाई चुस्त र दुरुस्त बनाइ भारी मात्रामा हुन सक्ने वर्षा तथा त्यसबाट सम्भावित पहिरो तथा बाढीबाट हुने क्षति कम गर्न सकिन्छ । चट्याङलाई पनि नियमित अनुगमन गरी धेरै चट्याङ पर्न सक्ने स्थानमा सुरक्षित रहन सक्ने उपायहरू अवलम्बन गर्नु पर्दछ । त्यसको साथसाथै सामुदायिक तथा सबै क्षेत्रमा विपतसम्बन्धी जानकारी र बच्ने तरिकालाई यथासम्भव सचेतना जानकारी हुनु पर्दछ । विपद् बाजा बजाएर आउँदैन । आइपरेमा के–कस्तो तयारी गर्ने भन्ने विषयमा पूर्वतयारी हुनुपर्छ । तर नेपालमा आइपरेपछि मात्र हारगुहार गर्ने चलन छ, जसले गर्दा ठूलो क्षति भोग्नुपर्ने अवस्था छ । पहिरो बाढीमा परेर मानविय क्षति मात्र भएको छैन, विद्युत् उत्पादन केन्द्रहरू बन्द भएका छन् भने खानेपानीका मुहानहरू पुरिन पुगेका छन् । बाटाहरू अबरुद्ध छन् र यात्रुहरू अलपत्र पर्नुपरेको छ । यस्तो अवस्थामा सबैले उच्च सतर्कता अपनाउन आवश्यक छ । अहिलेको अवस्थामा जोखिमपूर्ण यात्रा गर्नु र त्यस्तो स्थानमा बस्नु पनि हुँदैन । बाढीपहिरोमा बहादुरी देखाएर नजिक जाने काम पनि गर्नु हुँदैन । यसर्थ वर्षा अझै कायम रहेकाले विपत्‌बाट बच्न उच्च सर्तकता अपनाउन जरुरी छ ।

## Opinion @ Social Network

झरेको पातलाई सम्झी राख्ने हो भने,
त्यो रुखलाई कहाँ फेरि पलाउन मन् लाग्दो होला र है..।
(कृष्ण खड्काकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Krishna.Kdk )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बंगलादेशबाट पाठ सिक्ने की ?

प्रकाश नेपाल
prakashnepal014@gmail.com



यति बेला बंगलादेशमा भएको घटनाको चर्चा सर्वत्र छ । लगातार १५ वर्ष बंगलादेशको प्रधानमन्त्री रहेकी शेख हसिनाले सत्तासँगै देश छोडेपछि नेपाल लगायत विश्वमै यसको चर्चा चुलिएको हो । सरकारी जागिरमा कायम आरक्षणको कतिपय व्यवस्थामा असन्तुष्टि जनाउँदै विद्यार्थीले सुरु गरेको आन्दोलन अन्ततः हसिनाराजप्रति असहमतहरूको साझा संघर्ष बन्यो । हसिनाले महिना दिनअघि सुरु विद्यार्थी आन्दोलनलाई सम्बोधन गर्नु साटो दमन गर्दा नै देश छाड्ने परिस्थितिमा उनी पुगिन् । सरकारी जागिरमा आरक्षणविरुद्ध भनेर देखिएको जनप्रदर्शन खासमा भित्रभित्र हसिनाविरुद्ध विकसित जनमतको विस्फोट थियो । हसिना विरोधी प्रदर्शनको आगोको अत्यधिक प्रज्ज्वलनशील इन्धन उनको निरंकुश र तानाशाही शासन र देशमा बढ्दो भ्रष्टाचार, बेरोजगारी र महँगी थियो । बंगलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानकी छोरी हुन् हसिना । बाबुको त्यही विरासतबाट राजनीतिमा आउँदा सद्भावको मत पाएकै हुन् । तर सत्ताले उनलाई भ्रष्टमात्रै बनाएर क्रूर तानाशाही नै बनायो, त्यसैले त तीन सय जनाको ज्यान जाने गरी प्रदर्शन हुँदा पनि राजीनामा गर्ने वा देशलाई सम्बोधन गर्नपट्टि लागिनन् । आन्दोलन दबाउने चेष्टामात्रै गर्दाको परिणाम विद्रोह झन्झन् चर्कियो । बंगलादेशमा भएको आन्दोलनले नेपालमा समेत प्रभाव पारेको छ । यसर्थ बंगलादेशमा भएको घटना र यसले सिर्जना गरेको प्रभावका बारेमा यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालमा एक महिना यता नेपाली काँग्रेस, नेकपा माओवादी लगायत सबै दलको केन्द्रीय समितिको बैंठकमा बगलादेशमा भएको र आन्दोलनले सिर्जित राजनैतिक घटनाक्रमका विषयमा कुनै पनि दलले छलफल गरेनन् । ढाका विश्व विद्यालय र चट्गाउँ विश्व विद्यालयमा अध्यनरत विद्यार्थीले गरेको आन्दोलनले प्रधानमन्त्रीलाई देश छाड्न बाध्य तुल्यायो । साशन सत्ताको नेतृत्व गरेको दलले गरेका क्रियाकलापको विरुद्धमा विद्यार्थी आन्दोलन रहेको थियो । सरकारले उपलब्ध गराउँदै आएको समावेशी समानुपातिक कोटा प्रणालीको विषय नै आन्दोलनको जड हो । यो आन्दोलनप्रति भारतीय गुप्तचर निकाय रअ पनि पूर्णरुपले असफल नै भयो । सत्तामा रहनका लागि शेख हसीनाले आफ्नो पाटीले सरकारी सबै निकाय कब्जा गरी निर्वाचनको माध्यमबाट बहुमत सिद्ध गरी सरकार बनाएको अवस्था थियो । बगलादेशमा विद्यार्थीले गरेको आन्दोलनको बाछिटा नेपालमा समेत प्रवेश गरेको छ । जब सरकारले विद्युत प्राविधिकरणको दुई जना सदस्यलाई ठाडो हस्तछेप गरी हटायो । त्यससँगै उज्यालो नेपालका अभियान कर्मी कुममान माथि कु गर्ने मनसाय राख्यो । तब काठमाडौं तनाव ग्रस्त बन्यो । सरकारले आन्दोलनरत युवालाई रोक्ने प्रयास गर्दैछ । यसले सिंगो व्यवस्थाप्रति नै संकटको अवस्था पैदा नगर्ला भनेर आकंलन गर्न नसकिने छ । हाम्रो संविधानमा समावेशी समानुपाति प्रणाली प्रति स्पष्ट व्याख्या गरेको छ । संविधानले गरेको ब्याख्यालाई मुख्य दलले अपब्याख्या गरेका छन् । बगलादेशमा पनि आरक्षणको कोटा त थियो । पछिल्लो समयमा यसलाई बढाएर ५० प्रतिशत पुर्‍याइको थियो । कोटा त सर्वसाधारणको लागि थिएन । आफन्त कार्यकर्ताका लागि भएका कारण योग्य सक्षम विपन्न वर्ग पहुँच भन्दा बाहिर रह्‍यो ।

> *नेपालमा एक महिना यता नेपाली काँग्रेस, नेकपा माओवादी लगायत सबै दलको केन्द्रीय समितिको बैंठकमा बगलादेशमा भएको र आन्दोलनले सिर्जित राजनैतिक घटनाक्रमका विषयमा कुनै पनि दलले छलफल गरेनन् । ढाका विश्व विद्यालय र चट्गाउँ विश्व विद्यालयमा अध्यनरत विद्यार्थीले गरेको आन्दोलनले प्रधानमन्त्रीलाई देश छाड्न बाध्य तुल्यायो । साशन सत्ताको नेतृत्व गरेको दलले गरेका क्रियाकलापको विरुद्धमा विद्यार्थी आन्दोलन रहेको थियो । सरकारले उपलब्ध गराउँदै आएको समावेशी समानुपातिक कोटा प्रणालीको विषय नै आन्दोलनको जड हो । यो आन्दोलनप्रति भारतीय गुप्तचर निकाय रअ पनि पूर्णरुपले असफल नै भयो ।*

यसै विद्रोहका आन्दोलनको आधिवेरी आएको हो । यही कुरा नेपालमा पनि भएको छ । एक दुई घटना बाहेक सबै नेताका श्रीमती साली,छोरा छोरी बाहेक अन्यले पठन-पाठनमा अवसर पाउँदैनन् । राजनीति नेता, मन्त्रीका श्रीमती, प्रेमीकाको लागि मात्र भएको छ । यो पद्धती भारतमा पनि छ । सामानुपाति प्रणाली त्यहाँ धेरै राम्रो सिस्टममा छ । तर यहाँ यसैमा भ्रष्टचार छ । ठूला-ठूला औधोगिक घरानाका व्यक्तिलाई करोडौं रुपैयाँमा बिक्री गरेको रहस्य खुल्यो । यस्ता-यस्ता क्रियाकलापका कारण यहाँ आन्दोलनको आधि बेहरी आउनु पर्ने हो । बगलादेशमा भएको आन्दोलनको विषयमा यहाँका राजनैतिक दलहरु संवेदनशील बनेका छैनन् । काठमाडौंमा हजारौ युवाले सिंहदरबार देखि संसद भवनसम्म घेर्न पनि सक्दछन् । त्यस समयमा सम्मानित नेताको अवस्था के होला ? २०१५ सालको निर्वाचनमा बीपी कोइरालाको पाटीमा कोइराला परिवारबाट पाँचदेखि सात जना चुनाव लड्न सक्षम थिए तर बीपीले भने तिमीहरु चुनाव लड्ने भए म लड्दिन । एक परिवारबाट एक जनाले नै हो राजनीति गर्ने भनेपछि सबै पछाडी हटे । तीनै बीपीले स्थापना गरेको पाटीमा श्रीमान , श्रीमती माननिय छन् । कुनै व्यक्ति सफल बन्नका लागि परिवारको महत्व पूर्ण योगदान हुन्छ । योगदान भयो भन्दैमा आम कार्यकर्ताको मौलिक हक खोस्न त भएन । पुष्पलालले स्थापना गरेको नेकपा एमाले मोहन बिक्रम सिंहले स्थापना गरेको जनमोर्चा हुँदै अहिलेको नेकपा माओवादी पाटीमा समेत श्रीमान श्रीमती, आफन्तले मात्र अवसरहरु लुटिरहेका छन् । हो यो प्रवृति र पात्रका विरुद्धमा युवा जनशक्तिले आन्दोलन गरेको खण्डमा सबै तह तप्काको सहयोग हुनेछ । बगलादेशको डडेलो नेपालमा समेत सल्किएला भनेर भारतिय विदेश मन्त्री नेपाल आए लगतै अमेरीकी प्रतिनिधी समेत काठमाडौं आए । विदेशी शक्तिले कहाँ कहाँको प्वाल टालीदिने हो र ? यहाँ पनि यस्तै आन्दोलन नहोला भन्न सकिदैन् । यहाँ नीतिगत र संस्थागत भ्रष्टचार हुने गर्दछ । यो सबैले राम्रोसँग देखेको र बुझेको कुरा हो । यसले पनि एउटा जमातलाई विद्रोही बनाएको छ । विद्रोही जमातको पछाडि ठूलो सख्यामा जनमत रहेको छ । धेरै ठाउँमा नै पर्दैन । संसद भवनदेखि बालुवाटार हुँदै नेताको घर-घरमा प्रदर्शन गरे पुग्छ । हाम्रो मुलुक नेताका कारणले खतम मात्र नभई भ्रष्टचारले जर्जर भएको छ । २०४७ सालपछि सत्ता र शक्तिमा पुगेका नेताको सम्पति छानविन गरेको भए पनि चित्त बुझाउने ठाउँ हुने थियो । मुलुकमा विद्रोह भए यही व्यवस्था कायमै रहला भन्ने पनि छैन् । यिनीहरुको यही नै बसोबास होला भन्ने पनि छैन् । त्यसैले नेता सकिने की सच्चिने समय हो । एउटै व्यक्ति लामो समयसम्म नेतृत्वमा रही रहँदा पनि समस्या हुन्छ । बगलादेश यसैको सिकार बन्यो । त्यहाँ त साशकलाई भारतले शरण दियो । यहाँका नेताले भारतमा समेत शरण पाउने अवस्था छैन् । यसले गर्दा दलका नेताले समय मै होश पुर्‍याउनु पर्ने देखिन्छ । मुलुकमा प्रजातन्त्रदेखि गणतन्त्र सम्मको युगलाई लुटतन्त्रको युवमा रुपान्तरित हुन पुगेका कारण मुलुकमा राजनैतिक अस्थिरतसँगै अर्थव्यवस्था ध्वस्त हुनुको मुख्य कारण भ्रष्टचार नै हो । भ्रष्टचारबाट जोगिन र जोगाउन भागवण्डा गरेको अहिलेका युवासँग तमाम प्रमाण छ । हु न त मुलुकको इतिहास खोतल्दा विद्यार्थी आन्दोलनको भूमिका महत्वपूर्ण नै छ । २०३६ सालमा जनमत संग्रह भएको पनि विद्यार्थी आन्दोलनको उपज नै हो । त्यसैले विद्यार्थीको आन्दोलनको लागि नजर अन्दाज नगर्दा नै राम्रो हो ।

निरंकुश शासक फालिएको घटना जुनसुकै देशका लागि पनि सन्दर्भ सामग्री हो । यसले लोकतन्त्रप्रति आस्थावान् जुनसुकै देशका नागरिकलाई पनि ऊर्जा दिन्छ । नेपालमा पनि १८ वर्षअगाडि जनआन्दोलनमार्फत नै अनिर्वाचित निरंकुश शासन फालिएको थियो । बंगलादेशले नेपालको सकारात्मक उपलब्धिबाट पाठ सिक्न सक्छ, यहाँका कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गर्न सक्छ । बंगलादेशबाट नेपालले पनि पाठ सिक्न सक्छ ।

खासगरी निर्वाचित भएर शासनमा पुगे पनि जनताको आकांक्षा र असन्तुष्टिलाई बेवास्ता गर्ने, शासकीय अधिकारलाई दोहनकारी संयन्त्रमा रूपान्तरण गर्दै आफू र आफ्ना आसेपासेलाई अकुत र अवैध आम्दानीका निम्ति सहजीकरण गरिदिने, भ्रष्टाचार र कुशासनका शृंखला तयार पार्ने भूल गर्ने हो भने दुःखान्त निश्चित छ ।

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौल्हिवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्य जीवन सुखमय हुनेछ । आकस्मिक धन लाभ हुनेछ । | **तुला** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **वृश्चिक** : अरुलाई प्रभावित पारेर काम बन्नेछ ।मनोरञ्जनमा सहभागी भइएला। |
| **मिथुन** : परिवारमा सुख सन्तोष छाउनेछ। कला र गलाको प्रभाव बढ्नेछ। | **धनु** : आफन्तसँग भेट घाट हुनेछ । स्वादिष्ट भोजन पनि पाइनेछ । |
| **कर्कट** : रोकिएको धन हात पर्ला । अतिथिको रूपमा सत्कार पनि पाइनेछ । | **मकर** : नयाँ कार्यको थालनी हुनेछ । कामहरू अगाडि बढ्नेछन् । |
| **सिंह** : सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । | **कुम्भ** : वित्तिय संस्थाबाट सहयोग पाइनेछ । पदोन्नतिको सम्भावना छ। |
| **कन्या** : सामाजिक र पदप्रतिष्ठा कमाउने वेला छ। न्यायिक कार्यमा सफलता मिल्नेछ। | **मीन** : कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ । |




बाल कथा

# नीतिका कुरा : आगो,विष र शत्रु सानो हुँदैन




महाभारतको नाम भाइबहिनीहरूले पनि सुनेकै । विश्वकै गहन र वृहद् ग्रन्थ हो यो । कतिपयलाई लाग्न सक्छ यहाँ युद्ध, मारकाट र छलछाम मात्र छ तर यथार्थ अर्कै छ । व्यासजीको भनाइलाई मान्ने हो भने यहाँ जेजति कुरा उल्लेख भएका छन् ती संसारका अन्य कुनै पनि ग्रन्थमा भेटिन्न र यहाँ उल्लेख नभएका कुरा पनि संसारका अन्य ग्रन्थमा भेट्न गाह्रो पर्छ । नीतिशास्त्रका दृष्टिले भन्ने हो भने त भण्डार नै मान्दा हुन्छ । भाइबहिनीहरूका जानकारीकारीका लागि यहाँ यस्तै केही नीतिसम्बन्धी प्रसङ्ग प्रस्तुत गरिएको छ ।

*अभिवादनशीलस्य नित्यंवृद्धोपसेविन: । चत्वारि सम्प्रवर्धन्ते कीर्तिरायुर्यशो बलम् ।। (उद्योगपर्व ३९।७४)*

अर्थात् जसको स्वभाव नम्र छ, जो विनयशील छ, जसले गुरुजन तथा वृद्धजनको कुरा सुन्ने गरेका छन् र नजिक बसेर उनीहरूका आवश्यकता बुझी सो अनुसारको सेवा दिने गरेका छन् उनीहका आयु, आरोग्य, यस, कीर्ति र बल बढ्ने गर्छ । संसारमा गुरुजन तथा अग्रजहरूको सेवा र सम्मानभन्दा ठूलो धर्म अर्को छैन, हुँदैन । धेरै होइन आदरपूर्वक उनीहरूका कुरा सुनेर उनीहरूले बताए अनुसारको बाटोमा हिँड्ने बानी मात्र बसाउने हो भने धेरै कुरा सिक्न, बुझ्न र प्राप्त गर्न सकिन्छ । *उत्साहश्चापि यत्नेन कर्तव्यो भूतिमिच्छता । (आदिपर्व २३९।८५)*

अर्थात् यदि जीवनमा धनसम्पत्ति तथा ऐश्वर्य र कल्याणको कामना गर्ने मानिसले आफू स्वयं उत्साहित भई अघि बढ्ने प्रयास गर्नुपर्छ । अर्कोले गरिदेला भनेर पर्खनु पनि हुँदैन र कसैको बाटो हेरेर बस्नु पनि बुद्धिमानी होइन । आफ्नो जीवन आफैले जिउने हो भने आफू हिँड्ने बाटो पनि आफैँले बनाउने हो, पहिल्याउने हो । कतिपय मानिस भाग्यको कुरा गर्छन् तर के बिर्सनुहुन्न भने त्यस्तो भाग्य बनाउने काम पनि आफैँले गर्ने हो । भाग्य न आफैँ बन्छ न धामीझाँक्री बसाएर वा चिनाटिप्न हेराएर प्राप्त गर्न सकिन्छ । भाग्य त त्यसैलाई प्राप्त हुन्छ, जसले बनाएको छ ।

*ऋणशेषमग्निशेषं शत्रु शेषं तथैव च पुन: पुन: प्रवर्धन्ते तस्माच्छेषं न धारयेत ।। (शान्तिपर्व १४०।५८)*

जीवनमा उन्नति र प्रगति गर्न चाहने मानिसले कहिल्यै पनि ऋण, अग्नि र शत्रुलाई शेष राख्नु हुँदैन । अर्थात् तिनीहरूलाई तत्कालै हटाउने वा व्यवस्थापन गर्ने गर्नुपर्छ । अन्यथा कतिबेला कसको अवस्था कस्तो हुन्छ कसैले पनि भन्न सक्दैन । यिनीहरू भनेका यस्ता रक्तबीज हुन्, निरन्तर बढ्दै गएर कुनै पनि घरखेत समाप्त पार्न सक्छन् । न आगोलाई बढ्न बेर लाग्छ न ऋण र शत्रुलाई बढ्नै समय लाग्छ । त्यतैले आत्मकल्याणको कामना गर्ने मानिसले यसतर्फ सतर्क हुनैपर्छ ।

*दैवी सम्पद्विमोक्षाय निबन्धायासुरीमता । (भीष्मपर्व ४०।५)*


अर्थात् दैवी सम्पत्तिले अर्थात् धर्मपूर्वक गरेर कमाएको सम्पत्तिले सुख, शान्ति र आनन्द दिन्छ भने अनीतिपूर्वक जम्मा गरेको सम्पत्ति छ भने दु:ख बाहेक केही पनि दिँदैन । यहाँ धर्मपूर्वक भन्नाले आफैँले परिश्रम गरेर कमाएको सम्पत्ति बुझ्नुपर्छ । त्यस्तै अनीतिपूर्वक कमाएको सम्पत्ति भन्नाले घुस, भष्टाचार तथा जुवा तास आदिबाट कमाएको सम्पत्ति बुझ्नुपर्छ । जसले परिश्रम गरेर सम्पत्ति कमाएको छ उसका निम्ति देवता, पितृ, इष्टमित्र छरछिमेकी सबै खुसी हुन्छन् र परेको बेला सहयोग पाइन्छ । नराम्रो काम गरेर सम्पत्ति कमाएको छ भने त्यस्ता मानिसलाई कसैले पनि मन पराउँदैनन्, जसले गर्दा परेको बेला कसैबाट पनि सहयोग पाइन्न ।

*न च शत्रुरवज्ञेयो दुर्बलोपि बलीयसा । अल्पो˜ पि हि दहत्यग्निर्विषमल्पं हिनस्ति च ।। (शान्तिपर्व ५८।१७)*


शत्रु दुर्बल होस सबल कहिल्यै अनदेखि गर्नुहुँदैन ।

जसरी अग्निको सानै झिल्कोले पनि तत्कालै बढ्दै गएर सबै चीजलाई भष्म पार्न सक्छ र विषको एउटै थोपाले पनि जीवन लिन सक्छ त्यसैगरी शत्रुले पनि कतिबेला कस्तो उधुम मच्चाउने हो यसै भन्न सकिन्न । त्यसैले जतिसुकै बलियो भए पनि बुद्धिमान त्यही हुन्छ, जसले शत्रुलाई बेवास्ता गरेर बस्दैन वा बसेको छैन ।

*-रातोपाटी डटकम*




प्रस्तुति



नाम: प्रान्सिका भट्टराई
कक्षा: १ (एक)
स्कुल: सेन्ट कपितानियो स्कुल
तानसेन, पाल्पा

निबन्ध — तीर्थ सिग्देल

# अज्ञानको बाटो

> *आजको हाम्रो सामाजिक अन्तर्विरोध यही हो, जहाँ माथि पुगेको मान्छे तल फर्किन मान्दैन । एकपटक मन्त्री भएको मान्छे बस चढ्दैन । सांसदको हरेक यात्रा सडकबाट हुँदैन । सगरमाथा चढ्नुअघि अनिवार्य केचना पुग्ने नियम यहाँ छैन । अग्लो होचोको विपरीतार्थ शब्द हो तर अग्लोले यसरी कहिल्यै सोच्दैन रहेछ । बरु ऊ आफू अग्लो भएकोमा घमन्ड गरेर बसेको हुन्छ । इतिहासले प्रमाणित गरेको विषय हो कि कुनै समय आज सगरमाथा भएको ठाउँमा समुद्र थियो । बङ्गालको खाडी गहिरो छ । यस्तै हो भने त्यहाँ कुनै कालमा हिमाल ठडिन सक्छ । यस्ता प्रश्नहरू आज कुमारी अवस्थामा छन् । कुनै दिन आम प्रश्नहरू युवा हुनेछन्, त्यसपछि छाडिएका प्रश्नका बाँडहरू शासकमा छातीमा गाडिनेछन् ।*

जो मान्छेले आफूलाई अनभिज्ञ ठान्दैन, उसले केही सिक्दैन । केवल सिक्छ त आफ्नो तर्कको मुढेबलका आधारमा अगाडि बढ्न मात्र । मेरो अनुभवमा मान्छेले तीन प्रकारले मात्र आफ्नो विज्ञता प्रकट गर्न सक्छन् । पहिलो आफूले जाने बुझेको, पढेलेखेको र सिकेको कुरालाई कुनै तरिकाले अभिव्यक्त गरेर । दोस्रो त्यो अनुभव, सिप र ज्ञानलाई कुनै माध्यमबाट लेखेर वा प्रकाशन गरेर । तेस्रो त्यो ज्ञानलाई व्यवहारमा उतारेर अर्थात् कुनै काम पूरा गरेर देखाएर । माथिका कुनै प्रसङ्गमा पनि आएकै छन् कि मान्छे आफूलाई कहिल्यै नजान्ने ठान्दैन । जबसम्म मान्छेले आफूलाई अनभिज्ञ ठान्दैन, उसले केही सिक्दैन । केवल सिक्छ त आफ्नो तर्कको मुढे बलका आधारमा अगाडि बढ्न मात्र । यसै प्रसङ्गमा मैले धेरै मान्छेहरू समयमा उचित निर्णय लिन नसकेर पछि परेका वा क्षणिक रूपमा अगाडि बढे पनि अन्ततोगत्वा असफल भएको देखेको छु । अनि पुरानै अवस्थामा फर्किएर चित्त बुझाएको भेटेको छु । तर पनि मान्छेले सही समयमा सही विचार अगाडि सार्न सकेको छैन । कुनै समयमा मेरा एकजना मित्रलाई मैलै एउटा गन्तव्यको मार्ग देखाएको थिएँ । म दार्शनिक भएर भनेको होइन । त्यो बेला उनले मेरो त्यो कुरा सुनेनन् । उनले अर्कै मार्ग पहिल्याए, अस्ति भर्खर उनी मलाई भेट्न आए र भने, वास्तवमा तपाईले त्यो बेला भनेको ठिक रहेछ, मलाई अहिले पछुतो छ । यो एउटा सानो उदाहरण मात्र हो । यस्ता घटना र परिवेश हरेक मानिसका जीवनमा आइरहन्छ, जहाँ सही सल्लाह, सुझाव दिने, लिने क्रम भइरहन्छ । लिनु, नलिनु आ आफ्नो कुरा हो । कोही मान्छे अनुभवले खारिएर विज्ञ भएका हुन्छन्, कोही समय, काल र परिस्थितिमा पिल्सिएर त कोही व्यवहारिक तरिकाले अगाडि बढेका हुन्छन् । अर्को उदाहरण लिऊ, कोही कृषि विषयमा पढेर आएको हुन्छ तर उसले आफैं खेती गरेको छैन । उसले दिने सल्लाह अलिक सैद्धान्तिक मात्र हुन्छ । मैले यहाँ उसले दिने ज्ञानको परिधिको मात्र कुरा गरेको हो । ज्ञानलाई सैद्धान्तिक परिधिमा मात्र राखियो भने उसले सोच्ने त्यत्ति नै मात्र हुन्छ । तर त्यस ज्ञानलाई लागु गर्न जब कोही मैदानमा उत्रिन्छ भने त्यतिबेला अनेक चुनौती सामना गर्न तयार हुनुपर्छ । मान्छे आजसम्म चुनौती सामना गरेरै मात्र अगाडि बढेको छ । सजिलै प्राप्त हुने त हावा मात्र हो । कुनै पनि बस्तुको सहज प्राप्ति दिगो हुन्न रे । सैर्षबाट प्राप्त प्रतिफल मिठो हुन्छ । ढुङ्गे युगदेखि आजसम्म आइपुग्दा मान्छे घस्रिरहेको छ, लडिरहेको छ अनि मरिरहेको छ । त्यो एउटा सीमित ज्ञानको भण्डारले मान्छेलाई यहाँसम्म ल्याइपुऱ्यायो । त्यो लालसा, जसले मान्छेको जातिलाई समयको पदचापसँगै हिँड्न र थप चुनौती मोल्न प्रेरित गऱ्यो । हावा, पानी र माटोका लागि, सुख, शान्ति र समृद्धिका लागि अनि माया, प्रेम र आलिङ्गनका लागि अगाडि बढ्न उत्प्रेरित गऱ्यो । आखिर मान्छे आफ्नो गन्तव्यमा आइपुग्यो । आज पनि मान्छे आज पनि हिँडिरहेको छ । उताको मान्छे यता आयो, यताको उता पुग्यो । त्यही लालसामा कि अबका दिनहरू सुखमय हुनेछन् । त्यो चेतना हो समयको, जहाँ झिसमिसे नहुँदै कुखुराको भाले बास्छ । पोथी अण्डा कोरल्दै छे । मान्छे उठ्ने समय भयो । मान्छेको हातमा घडी छैन । अर्थात् उसको हातमा समय छैन, समय फुत्किँदै छ, फुस्स फुस्स । घण्टाघरको घडीले सही समय नदिएको धेरै भो । मेची नदीमा पानी बगिरहेको छ । आज पनि सुस्ता र महेशपुरको बिलौना उही छ । देशको चुच्चे नक्सा छापिएर पनि बजारमा गएको छैन । झोलुङ्गे पुलमा खच्चडहरू झुन्डिएका छन् । मेरो देश हाँसिरहेको छ, जात्रैजात्रामा । नाचिरहेको छन् मान्छेहरू बिनासित्तीमा सुन्धारातिर दोहोरीहरूमा । अझै पनि युवतीहरू भेटिन्छन्, रत्नपार्कतिर । जाने हो ? भनेर सोधिरहेका छन्, अनजान मान्छेहरूलाई । फेरि पनि मान्छे ज्ञानी छ । मान्छेले नजानेको के छ ? उबेलाको कुरा मात्र कति गर्नु ? मान्छे पुराना कुरा र थोत्रा चप्पल लगाएर हिँडेको धेरै भइसक्यो । किसान मरिरहेको छ । बाढी आउँदा तराईतिर माछा मार्नेको भिड लाग्छ । खेत बगिसक्यो, अब भकारी खाली हुन्छ तैपनि मान्छे गँगटा भेला पार्नेतिर लागेको छ । पुल बगिसक्यो, गाउँ आएको बाटो बिलाइसक्यो । अथाह ज्ञानको भण्डार बोकेर मान्छे सडकमा निस्केको छ । परम्परागत ज्ञानको भारीले थिचिएको छ, मान्छे । ऊ अहिले पनि माछा मारेर खान जान्दछ तर माछा मार्न सिकाइरहेको छैन । भोलि त आउँदैन रे तर पनि मान्छे भोलिका लागि शक्ति सञ्चय गरिरहेको छ । धर्ती अरूका लागि पनि हो, तर आफ्ना लागि मात्र सोचेर अरूको अधिकार हरण गर्न तल्लीन छ, मान्छे । एकजना मित्रले मलाई प्रश्न गर्नुभयो, आजकल तपाई कता हराउनुभयो ? त्यो बेला मैले उनलाई यसो भनेको थिएँ । म कतै हराएको छैन । हराएको छु त, केवल आफ्नै परिवेशमा । आफ्नै माटोमा र यही संसारमा, जहाँ मजस्ता धेरै मान्छेहरूका सपना हराएका छन्, आमाका सपना बिलाएका छन्, बाबुका आँखा रसाएका छन्, सन्तानका सुख खोसिएका छन् । म यहीं कतै छु, मित्र । फेरि सोध्नुहोला, तपाई के गर्दै हुनुहुन्छ ? म के गर्दै छु... म अर्थात् तपाई के गर्दै हुनुहुन्छ ? आफ्ना लागि वा समाज र देशका लागि वा कसका लागि गर्दै हुनुहुन्छ ? किन, कसरी र के का लागि ? वा केवल आफ्ना लागि ? तपाई के गर्दै हुनुहुन्छ ? अर्थात् म के गर्दै छु... जिन्दगीप्रति यसरी प्रश्नहरू तेर्सिन्छन् । प्रश्नहरूको मृत्यु भएपछि सायद कोही जीवित नरहला । पहिले यसरी आफैँमाथि प्रश्न गर । अनि मात्र तिमी अरूका लागि प्रश्न गर्न सक्षम र योग्य बन्नेछौँ किनभने जीवन एउटा प्रश्नहरूको भण्डार हो । प्रश्नहरूले मान्छेलाई बाँच्न प्रेरित गर्छ । प्रश्नले मान्छेलाई अगाडि बढ्न उत्प्रेरित गर्छ । प्रश्न गर्ने मान्छेले आफू जीवित भएको प्रमाण पेस गर्नुपर्दैन किनकि प्रश्नभित्रै जीवन लुकेको हुन्छ । बरु उत्तर दिने मान्छेले त्यो प्रमाणपत्र पेस गर्नुपर्नेछ । जब मान्छेले प्रश्न गर्ने साहस गर्छ, त्यतिबेला ऊ उत्तर दिन पनि सक्षम हुन्छ तर उत्तर मात्र दिने ठाउँमा पुगेको मान्छेले प्रश्न बुझ्दैन । उसलाई त्यतिबेला मान्छेका हरेक प्रश्नहरू बाङ्गा लाग्छन् । घुमाउरा लाग्छन् अनि उत्तर दिन झन्झट मान्छन् । आजको हाम्रो सामाजिक अन्तर्विरोध यही हो, जहाँ माथि पुगेको मान्छे तल फर्किन मान्दैन । एकपटक मन्त्री भएको मान्छे बस चढ्दैन । सांसदको हरेक यात्रा सडकबाट हुँदैन । सगरमाथा चढ्नुअघि अनिवार्य केचना पुग्ने नियम यहाँ छैन । अग्लो होचोको विपरीतार्थ शब्द हो तर अग्लोले यसरी कहिल्यै सोच्दैन रहेछ । बरु ऊ आफू अग्लो भएकोमा घमन्ड गरेर बसेको हुन्छ । इतिहासले प्रमाणित गरेको विषय हो कि कुनै समय आज सगरमाथा भएको ठाउँमा समुद्र थियो । बङ्गालको खाडी गहिरो छ । यस्तै हो भने त्यहाँ कुनै कालमा हिमाल ठडिन सक्छ । यस्ता प्रश्नहरू आज कुमारी अवस्थामा छन् । कुनै दिन आम प्रश्नहरू युवा हुनेछन्, त्यसपछि छाडिएका प्रश्नका बाँडहरू शासकमा छातीमा गाडिनेछन् । त्यतिबेला सगरमाथा सुक्नेछ, हिउँ पग्लेर । सागरहरू सुक्नेछन्, पानी सकिएर । नजान्नु जान्नुभन्दा राम्रो हो । विज्ञ हुनु भनेको एउटा विषयमा जान्ने हुनु मात्र हो । तर विज्ञताले अनभिज्ञ पनि बनाउँछ । विज्ञता सब थोक होइन किनभने त्यो विज्ञताले फरक तरिकाले सोच्न रोक्छ । खाली मैदानमा जे पनि उमार्न सकिन्छ तर कुनै बाली लागेको छ भने एउटा समयसम्म पर्खिनुपर्छ । त्यो बालीले माटोको उर्वराशक्ति ह्रास पनि बनाएको हुनसक्छ । ज्ञान मर्दछ, हाँसेर रोइ विज्ञान मर्दछ बालकृष्ण समले उबेला नै यसरी भनेका थिए । ज्ञानले विज्ञानलाई जन्माउँछ तर त्यही विज्ञानले ज्ञानलाई मार्छ रे । जसरी कुनै पशुले आफ्नै बच्चा खान्छ । आजको आधुनिक तथा भौतिक विज्ञानले नयाँ नयाँ आविष्कार गरेर चुनौती पनि थपेको छ । समाज अगाडि बढ्ने नाममा पछाडितिर धकेलिँदै छ । यसरी हेर्दा ज्ञानले विज्ञान र विज्ञानले ज्ञानको अस्तित्वमाथि धावा बोलिरहेको छ । के अब एलन मस्कले मान्छेको दिमागमा चिप्स लगाउन सक्लान् ? चिन र अमेरिका एलीयनबारेको खोजमा सफल बन्लान् ? अरू सानातिना खोज र आविष्कारको कुरा नगरौँ । अब त्यो भन्दा माथि सोचौँ किनभने अज्ञानताले ज्ञानको मार्ग पहिल्याउँछ ।

*-साहित्यपोस्ट डटकम*

# चार करोड ५६ लाखमा बन्यो इलाका प्रशासनको भवन



**रामपुर (पाल्पा),** भदौ ५/भाडाको घरबाट सेवा दिँदै आएको इलाका प्रशासन कार्यालय रामपुरले अहिले आफ्नै भवनबाट सेवा दिन थालेको छ । कार्यालयको सुविधासम्पन्न भवन निर्माण भएपछि नवनिर्मित भवनबाट सेवा सञ्चालन गरिएको छ ।

रामपुर नगरपालिका-५ स्थित बेझाड बजार (बजारदेखि माथिको भागमा अवस्थित) मा आधुनिक प्रविधिबाट निर्माण भएको अपाङ्गमैत्री कार्यालय भवनसँगै पाले घर, चमेनागृह तथा कम्पाउण्ड निर्माण गरिएको छ । यस आर्थिक वर्षदेखि नयाँ भवनबाट कार्यालयको सेवा दिन थालिएको कार्यालय प्रमुख गणेशबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार १४ कोठासहितको साढे दुई तलाको भवन निर्माण गरिएको छ । 'भाडाको घरमा कार्यालय सञ्चालन गर्न समस्या परिरहेको थियो, अब आफ्नै भवन बनेसँगै कार्यालयको कामकाज तथा सेवा बिस्तार हुनेछ, राष्ट्रिय परिचयपत्र र राहदानी सेवा प्रदानका लागि प्रयास भइरहेको छ", प्रमुख कार्कीले भने । बाँसुरी मोबाइल जेभि रामपुर-४ पाल्पाले भ्याटसहित चार करोड ६८ लाख ६८ हजार आठ सय ५३ बराबरको लागतमा २०८० पुस २२ भित्र सम्पन्न गर्ने गरी २०७९ असार २२ मा सम्झौता गरी थालनी गरेको थियो । तोकिएको समयमा काम सम्पन्न नभएपछि छ महिना म्याद थप गरी गत असारमा भवन निर्माणको काम सम्पन्न भएको हो । सम्झौताअनुसार समयमै निर्माणको काम सम्पन्न गर्ने गरी काम भए पनि गृह मन्त्रालयबाट समयमा नै बजेट नआउँदा छ महिना समय थप गर्नुपरेको निर्माण कम्पनीले जनाएको छ । कार्यालयबाट नेपाली नागरिकता, नाबालक परिचयपत्र, दलित, जनजाति प्रमाणित लगायतका सेवा प्रवाह हुँदै आएको छ । पछिल्लो समय औसतमा दैनिक ६० नेपाली नागरिकता जारी हुने गरेको कार्यालय प्रमुख कार्की बताए । प्रशासन कार्यालय रामपुरमा सुरु भएपछि पूर्वी पाल्पाका नागरिकले सजिलोसँग भनेकै समयमा सेवा पाइएको स्थानीय महेश पौडेलले बताए । "भाडाको घरमा कार्यालय सञ्चाल नहुँदा साँघुरिएर भए पनि कर्मचारीले राम्रो सेवा दिनुभयो, कार्यालयको भवन व्यवस्थित बनेको छ, नयाँ भवनबाट सेवा प्रवाह थालनी भएको छ, यो देख्दा खुसी लागेको छ, पूर्वाधार व्यवस्थित बनेपछि हामी नागरिक थप सेवा पाउने छौँ भन्ने आशामा छौँ", उनले भने । रामपुरमा प्रशासन कार्यालय नहुँदा स्थानीयले नागरिकता बनाउन, विभिन्न कामका लागि सदरमुकाम तानसेन गएर सेवा लिन चार/पाँच घण्टाको बाटो गाडीमा यात्रा गरेर सेवा लिन बाध्य थिए । गाउँको बाटो सहज नहुँदा कहिले काँही बासै बसेर काम सकाएर फर्कदा धेरै खर्चिलो र झमेला बेहोर्नुपर्ने अवस्था थियो । पहाडको बाटो पानी पर्दा हिलाम्य सडक, ठाउँ ठाउँमा पहिरो खस्ने, सवारी साधन कमै मात्रामा तानसेनका लागि गुड्दथे । तानसेनमा होटलमा बास नबसी भरसक काम सकाएर एकै दिनमा फर्कन अप्ठ्यारो हुन्थ्यो । पहाडको यात्रा सडक व्यवस्थित नहुँदा दुर्घटनाको जोखिम मोल्दै विभिन्न समस्या र बाध्यतालाई छिचोल्दै जानुपर्ने समस्या सदाका लागि पूर्वी पाल्पावासीलाई अन्त्य भएको छ । नागरिकता बनाउन सदरमुकाम आउनजानको झन्झटले पहिले आवश्यकता परेका समय मात्रै नागरिकता बनाउने गरेको पाइन्थ्यो भने अहिले गाउँबाटै सेवा पाइने भएपछि उमेर पुगेलगत्तै नेपाली नागरिकता बनाउने क्रम बढेको छ । पूर्वी पाल्पाका स्थानीयलाई सेवादिने उद्धेश्यले विसं २०६३ असार १० गते तत्कालिन गृहमन्त्री शक्तिबहादुर बस्नेतले कार्यालयको उद्घाटन गरी रामपुरमा प्रशासन कार्यालयबाट सेवा दिन थालिएको हो । कार्यालय स्थापना भएपछि भाडाको घरबाट सेवा दिँदै आएको थियो । अहिले आफ्नै भवनबाट सेवा दिन थालेपछि सहज भएको कर्मचारी बताउँछन् । यस कार्यालयबाट पूर्वी पाल्पाका रामपुर नगरपालिकासँगै पूर्वखोला गाउँपालिकाको वडा नं १ र निस्दी गाउँपालिकाको वडा नं १ देखि ६ सम्म वडाका नागरिकले सेवा लिँदै आएका छन् । **-रासस**

## खेलकुद समाचार

### महिला टी ट्वान्टी विश्वकप यूएईमा हुने




**काठमाडौं,** भदौ ४/महिला टी ट्वान्टी विश्वकप २०२४ संयुक्त अरब इमिरट्स यूएईमा हुने भएको छ । असुरक्षा लगायतको कारण देखाउँदै बङ्गलादेशबाट विश्वकप यूएई सारिएको हो । बङ्गलादेशमा भएको आन्दोलनपछि आइसीसीले कार्यक्रम स्थल परिवर्तन गरेको हो ।

बङ्गलादेश सरकारले विश्वकप आयोजना गर्न अन्तिम समयसम्म प्रयास गरेको जनाएको थियो । तर, अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड र बेलायत लगायत देशले आृना नागरिकलाई बङ्गलादेश जान रोक लगाएको छ । बीसीसीआईले विश्वकप आयोजनाका लागि आइसीसीको प्रस्ताव अस्वीकार गरेपछि यूएई, श्रीलङ्का र जिम्बाब्वे विश्वकप आयोजनाका लागि विकल्पका रुपमा रहेका थिए । यूएईले यसअघि सन् २०२१ को पुरुष टी -२० विश्वकप ओमानसँगै आयोजना गरेको थियो । १० टोलीको सहभागिता रहेको प्रतियोगिता अक्टोबर ३ देखि अक्टोबर २० सम्म सञ्चालन हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### सुन प्रति तोला एक लाख ५३ हजार रुपैयाँ पुग्यो




**पाल्पा,** भदौ ५/सुनको भाउले बुधबार नयाँ रेकर्ड बनाएको छ । सुनको भाउ बुधबार अहिले सम्मकै उच्च तोलाको एक लाख ५३ हजार रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ ।

मंगलबार सुन तोलामा एक सय रुपैयाँले घटेर एक लाख ५२ हजार दुई सय रुपैयाँ रहेको थियो । गएको आइतवार भने सुनको भाउ बढेर अहिलेसम्मकै उच्च एक लाख ५२ हजार ६ सय रुपैयाँ पुगेको थियो । त्यस्तै बुधबार चाँदीको भाउ पनि बढेको छ ।

सो अवधिमा चाँदी तोलामा १५ रुपैयाँले बढेर तोलाको एक हजार आठ सय ३५ रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । अघिल्लो दिन चाँदी तोलाको एक हजार आठ सय २० रुपैयाँ रहेको थियो ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## डेंगीबाट बच्ने उपायहरू

-लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईवाट वच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर, पानी टचांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई